म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २३२ मंगलबार २० चैत २०८० ने. सं. ११४४ चिल्लागा 2 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

डढेलोबाट बचौं र बचाऔं ।

☞ सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
☞ जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
☞ सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
☞ जन, धन र वनको संरक्षण गरौं,
सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जम्कट्टेलको तेस्रो पटक विश्वासको मत, निरन्तर खुम्चिँदै समर्थन

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/नयाँ सत्तासमीकरणअनुसार बनेको सरकारमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत पाएका छन् ।

सोमबार बागमती प्रदेशसभाबाट जम्कट्टेलले ५६ जना सांसदको मतसहित विश्वासको मत पाए । उनलाई माओवादी केन्द्रका २१, नेकपा एमालेका २७, नेकपा एकीकृत समाजवादीका ७ र हाम्रो नेपाली पार्टीका १ जना सांसदले विश्वासको मत दिएका हुन् । सरकारको नेतृत्व गरेको करिब डेढ वर्षमा तेस्रोपटक विश्वासको मत लिँदा जम्कट्टेलले कसिलो बहुमत सांसदको अर्थात ५६ जनाको मात्रै मत पाएका छन् ।

विश्वासको मत पाएपछि पत्रकारहरुलाई प्रतिक्रिया दिँदै मुख्यमन्त्री जम्कट्टेलले प्रदेशको संकट टरेको बताए । ५६ जना सांसदको मत पाएपनि सरकारका लागि बहुमत प्राप्त हुनु महत्वपूर्ण भएको बताएका हुन् । 'मतको संख्या घट्यो भनेर नराम्रो मान्नु परेन । केन्द्रीय सत्तासमीरकणअनुसार प्रदेशमा गठबन्धन बन्ने हो । सरकार सुरक्षित हुन ५६ मत नै पर्याप्त हो', उनले भने ।

विश्वासको मत माग्दा प्रदेशसभा बैठकमा बोल्दै उनले प्रदेशको समृद्धिका लागि विश्वासको मत दिन आवश्यक रहेको दाबी गरेका थिए । आफ्नो कार्यकालको १५ महिनाको अवधिमा धेरै राम्रा काम गरेको उनको भनाई थियो । जम्कट्टेलले नीतिगत कामहरु गर्न धेरै कोशिस गरिरहेको बताए । सबै दलका नेताहरुलाई एकढिक्का भएर अगाडि बढ्न उनको आग्रह थियो । प्रदेश सरकारलाई स्थायित्व दिने र प्रदेशबासीको चाहना र अपेक्षाअनुसार काम गर्ने कुरामा एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा उनले जोड दिए ।

बागमतीमा सरकार बनाउन ५६ जना बहुमत सांसदको समर्थन आवश्यक थियो । जम्कट्टेलले पाएको विश्वासको मत तेस्रोपटक हो । यसअघि उनले दुईपटक विश्वासको मत लिइसकेका छन् । जम्कट्टेलले पहिलोपटक ३ माघ २०७९ मा विश्वासको मत लिएका थिए । प्रदेशसभामा प्रतिनिधित्व गर्ने सातमध्ये ६ दलले उनलाई विश्वासको मत दिएको थियो । ११० सदस्यीय प्रदेशसभामा उनलाई पहिलो पटकमा १०५ सांसदले विश्वासको मतको पक्षमा र नेमकिपाको ३ जना सांसदले विपक्षमा मत दिएका थिए । एकजना सांसद अनुपस्थित थिए ।

मुख्यमन्त्री नियुक्त भएको नवौं दिनमा विश्वासको मत लिएका जम्कट्टेललाई प्रदेशसभाको ठूलो दल नेपाली कांग्रेसले सरकार बाहिर हुँदा पनि विश्वासको मत दिएको थियो । २५ पुस ०७९ मा जम्कट्टेल नेकपा एमाले र राप्रपाको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए । यसैगरी, गठबन्धन फेरबदल भएर सरकार परिवर्तन हुँदा दोस्रोपटक १० चैत २०७९ मा जम्कट्टेलले विश्वासको मत लिए । दोस्रोपटकमा उनले ६७ मत पाएका थिए । मुख्यमन्त्री जम्कट्टेललाई उनको दल माओवादी केन्द्रसहित नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी) र हाम्रो नेपाली पार्टीले मत दिएको थियो । विपक्षमा नेकपा एमाले, राप्रपा र नेपाल मजदुर किसान पार्टीका सांसदले मत दिएका थिए ।

तेस्रोपटकसम्म आइपुग्दा मुख्यमन्त्री जम्कट्टेलले पाएको विश्वासको मत निरन्तर खुम्चिँदो छ । पहिलोपटक पाएको १०५ जनाको विश्वासको मत प्रदेशको अघिल्लो कार्यकालका मुख्यमन्त्रीहरुले पाएको भन्दा असाधारण थियो ।

बागमती प्रदेशको पहिलो कार्यकालमा मुख्यमन्त्री भएका डोरमणि पौडेल, अष्टलक्ष्मी शाक्य र राजेन्द्रप्रसाद पाण्डेले तीन अंकमा विश्वासको मत पाउन सकेका थिएनन् । पछिल्लो पटक बिश्वासको मतका बिषयमा सामाजिक संजालमा नागरिकले मुख्यमन्त्री जम्कट्टेलले पाएको बिश्वासको मतलाई उत्तीर्ण मात्रै भएको संज्ञा दिइरहेका छन् ।

बागमतीको विपक्षी दल नेपाली कांग्रेसको ३७, राप्रपाको १२ (सभामुख बाहेक) र नेमकिपाको ३ जना सांसद छन् । बागमतीमा जम्कट्टेललाई तेस्रोपटक नै विश्वासको मत दिने एकमात्र दल हाम्रो नेपाली पार्टी रहेको छ । नेमकिपाले प्रदेशको साढे ६ वर्षमा एकपटक पनि विश्वासको मत नदिई निरन्तर प्रतिपक्षको बेञ्चमा बसेको छ ।

मकवानपुरको द्रुतमार्ग प्रभावित क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/काठमाडौं-तराई फाष्ट ट्रयाकको सुरुङ निर्माण तथा पुल निर्माण गर्न आएको चाईना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेशनले मकवानपुरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

चिनियाँ चिकित्सा सहायता अभियानअन्तर्गत मकवानपुरको भीमफेदी र बकैया गाउँपालिकामा रहेका धेद्रे, कोलखोला, महादेवटार, चारघरे, आँपचौर गाउँका स्थानीय र सुरुङ निर्माणमा खटिएका मजदूर कर्मचारीका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हो ।

सामान्य स्वास्थ्य परीक्षण तथा उपचार गर्न सदरमुकाम हेटौंडासम्म पुगनुपर्ने बाध्यता रहेकोले सामाजिक उत्तरदायित्वस्वरुप कर्पोरेशनले स्वास्थ्य शिविर सञ्चालन गरिएको कर्पोरेशनका मानवश्रोत शाखाप्रमुख यानले जनाएका छन् ।

स्वास्थ्य शिविरमा करिब २ सय जनालाई निःशुल्क स्वास्थ्य परीक्षण र निःशुल्क औषधि वितरण गरिएको थियो । शिविरमा आउन नसक्ने शारीरिकरुपमा

अशक्तलाई कर्पोरेशनले सवारी साधनको व्यवस्था गरेको थियो ।

स्वास्थ्य शिविरमा परीक्षण गर्न आएका अधिकांशमा उच्चरक्तचाप, डायविटिज, मृगौलामा खराबी, महिलामा छाति तथा स्तनको समस्या जस्ता रोग पाइएको शिविरका टिम लिडर डाक्टर झोऊ गुईमिनको भनाई छ । शिविरमा चीनमा उत्पादित औषधि वितरण गरिएको थियो ।

यस क्षेत्रका स्थानीय विरामी परेर अस्पताल जानुपर्ने भएमा निःशुल्क सवारीसाधन उपलब्ध गराउदै आएको चाईना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेशनले विकट तथा दुरदराजका ग्रामीण वस्तीका स्वास्थ्यसेवाबाट बञ्चित नागरिकलाई आफ्नै खर्चमा गरेको यो कार्य प्रशंसनीय भएको बकैंया-१२ का वडासदस्य सुजन वाईबाको भनाई छ । कर्पोरेशनले वर्षेनी स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ । गतवर्ष पनि यो स्थानमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको थियो ।

थाहामा आमाको हत्या आरोपमा छोरा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/मकवानपुरको थाहा नगरपालिका-१० तल्लो बिसिङ्खेलमा आफ्नै आमाको हत्या गरेको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घरायसी बिवादमा स्थानीय ५० वर्षीया ज्ञानीमाया गमाललाई हत्या गरेको आरोपमा २६ वर्षीय मिलन गमाललाई इलाका प्रहरी कार्यालय पालुङले पक्राउ गरेको हो । घरायसी विबादको कारण कर्तव्य गरी मारेको भन्ने खुल्न आएको भन्दै प्रहरीले पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

बितेको फागुन ३० गते बिसिङ्खेलमा बस्ने ज्ञानीमाया गमालको घरको ढोका बन्द रहेको कारण स्थानीयले बोलाउँदा घरको ढोका नखुलेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय चित्लाङबाट खटीएको प्रहरी टोलीले स्थानीयको रोहोवरमा ढोका खोली हेर्दा मोतीमान गमालको श्रीमती ज्ञानीमाया खाटमा सुतिरहेको अवस्थामा मृत फेला पारिएको थियो ।

मृतकको पोष्टमार्टमका लागि टिचिङ अस्पताल पठाएकोमा शब आफन्तले बुझेका थिए । मृतक र घटनाको थप अनुसन्धान गर्दै जाँदा प्रविधिक खोज तथा स्थानीय समेतको अनुसन्धानबाट मृतकको छोरा मिलनले हत्या गरेको अनुसंधानबाट खुलेको प्रहरीले जनाएको छ ।

सहकारी दिवसको अवसरमा अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/६७ औं राष्ट्रिय सहकारी दिवस २०८० को अवसरमा बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था हेटौंडा-११ को आयोजनामा ऋण सदुपयोगिता र भाखा नागेका ऋण असुलीसम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम भएको छ ।

सोमबार संस्थाको सभाहलमा भएको अन्तरक्रियामा ऋणी सदस्यको सहभागिता रहेको थियो । संस्थाकी अध्यक्ष आशा अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत शर्मिला श्रेष्ठ र ऋण अधिकृत कान्छी श्रेष्ठले सहभागीलाई ऋणको सदुपयोगिता र भाखा नागेका ऋण असुली बारे सहजीकरण गरेका थिए ।

सहकारी संस्थाका ३८ जना सदस्यको सहभागिता रहेको कार्यक्रममा ऋण उपसमिति संयोजक अञ्जु गुरागाई लगायत संस्थाको संचालक समितिका पदाधिकारी, लेखासमितिका पदाधिकारी र बिभिन्न उपसमितिका पदाधिकारीको उपस्थिति रहेको संस्थाकी अध्यक्ष अधिकारीले बताए । 'सहकारीमा सुशासन: प्रविधि र एकीकरण' भन्ने नाराका साथ यसबर्ष पनि चैत्र २० गते देशभर विविध कार्यक्रम गरी सहकारी दिवस मनाईने भएको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

Education is the real treasure

We are hiring...

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity. We are looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. **Secondary & Basic Level Faculty :** *Social Studies, Mathematics, Computer Science, English, Science, Nepali, 'Health, Physical & Creative Arts',English Phonics, Nepali Phonics*
2. **School Counsellor**
3. **Officers:** *Event Management, IT Administration, Human Resource*
4. **ECA Instructor :** *Art & Craft, Music, Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing*
5. **Assistants :** *IT Administration, Computer Operator, Front Desk*
6. **Hostel Staffs :** *Cook, Helpers, Gardener* **(भान्से, सहयोगी र माली)**

For further details, please visit **www.hetaudaacademy.edu.np/vacancy**

Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 6. Preference will be given to well trained and experienced candidates in related areas.

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at ***hr@hetaudaacademy.edu.np*** with 2 references and expected salary not later than **9 April 2024**.

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

हाम्रो कुरा

अस्वस्थ्य दाउपेच

एउटा विद्यालयमा फलानो शिक्षकले प्रअ खान खोजेको छ । कार्यरत प्रअलाई हटाएर नयाँ प्रअ बनाउन शिक्षकको एउटा गुट लागेको छ । अर्को गुटले कार्यरतलाई मलजल गरिरहेको छ । प्रअ खान खोजेकोले खान नपाएर छटपटी चलिरहेको छ । विद्यालयको काम भन्दा पनि प्रअ खाने दाउपेचमै उसले समय खर्चिरहेको छ । यही कारणले विद्यालयमा राजनीति चलिरहेको छ । त्यस्तै एउटा सहकारीमा अध्यक्ष खानका लागि फलानोले लबिङ गरिरहेको छ । उसले कार्यरत अध्यक्षलाई बिभिन्न आरोप लगाएर फुकाल्ने र आफू अध्यक्ष हुने होडबाजीमा लागेको छ । यहाँ पनि गुट उपगुटले चरम राजनीति भइरहेको छ । यस्तै वन समितिमा पनि अध्यक्ष खाने चक्करमा फलानोले मरिहत्ते गरेर लागिपरेको छ । स्कूल, सहकारी वन समितिमा नेतृत्व हत्याउने अस्वस्थ्य खेलका कारण विद्यालयको गुणस्तर घट्दै गएको छ । सहकारी टाट पल्टिदै गएको छ र वन उजाड हुँदै गएको छ । यहाँ नेतृत्व गर्ने भन्दा पनि 'खाने' शब्दले घर गरेको कारणले गर्दा संकट पैदा भएको हो । यही संकट अहिले मुख्यमन्त्री 'खाने' होडबाजी चलिरहेको छ । २ सिट हुन दललाई पनि मुख्यमन्त्री 'खान' मन लागेको छ ।

काम गर्ने होइन 'खाने' शब्दले घर गरेको हो । जसरी शब्द प्रयोग भएको छ त्यसैगरी खान कै लागि नेतृत्वमा पुग्ने लडाईं नै राजनीति हो । यो धमिलो राजनीतिले संघीयतामा प्रहार भइरहेको छ । ४ मंसिर २०७९ मा भएको प्रदेशसभा निर्वाचनपछि बागमती प्रदेशमा दोस्रो कार्यकालको सरकार सञ्चालनरत् छ । प्रदेशको दोस्रो कार्यकालको नेतृत्व नेकपा माओवादी केन्द्रका शालिकराम जम्कट्टेलले गरिरहेका छन् । उनले सोमबारसहित तेस्रो पटक विश्वासको मत पाएका छन् । उनकै पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन फेरबदल गरिरहँदा प्रदेशमा पनि सत्तासमीकरण परिवर्तन भइरहेको हो । बागमतीमा करिब १ वर्ष सरकारमा बसेर नेपाली कांग्रेस भर्खरै सरकारबाट बाहिरिएको छ भने मुख्यमन्त्री जम्कट्टेलले फेरि एमाले, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको समर्थनमा सरकार गठन प्रक्रिया अगाडि बढाएका छन् । मुख्यमन्त्री 'जस्ट पास' भएका छन् । विद्यालयको भाषमा भन्ने हो भने मुख्यमन्त्री विश्वासको मत प्राप्त गर्ने मामलामा उत्तीर्ण मात्र भएका छन् । विद्यलायमा विषय लागेर पनि उत्तीर्ण गराइन्छ । समूत्तीर्ण हुन नसकेका मुख्यमन्त्रीलाई काम गर्न चुनौती नै छ । सत्तासारथी नेकपा एकीकृत समाजवादीले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने चेतावनी दिएको थियो । मुख्यमन्त्रीमा भागबण्डा खोजेर वार्गेनिङमा उत्रिएको दलहरुको स्वार्थ जनजीबिकासँग भन्दा पनि 'खाने' अभियानसँग मेल खान्छ । एकीकृत समाजवादीसहित माओवादी, एमाले र हाम्रो नेपाली पार्टी चारवटै दलले मुख्यमन्त्रीमा आँखा लगाएका छन् ।

करिब १६ महिना सरकार चलाइसकेका जम्कट्टेलले नयाँ सत्तासमीकरणमा पनि मुख्यमन्त्री जोगाएर निरन्तरताको ग्यारेण्टी दिलाइसके । अब प्रदेश सरकारको कार्यकाल साढे ३ वर्षमात्र बाँकी छ । माओवादीसहित चारवटै दलले सरकारको नेतृत्व खोज्दा कति-कति समय मुख्यमन्त्री हुन पाउने हुन्, त्यो समयले नै बताउला । तर, अहिले नै बागमतीको मुख्यमन्त्रीलाई लिएर प्रदेशको सत्ता गठबन्धनभित्र विवाद उत्पन्न भइसकेको छ । मुख्यमन्त्रीमा आलोपालो खोज्दै नेकपा एकीकृत समाजवादीले विश्वासको मत नदिने चेतावनी दिएको थियो तर, सत्तालोभकै कारण लुरुक्क परेर मतदान गरेको छ । धम्कीपूर्ण भाषा बोल्न सक्नेले मतदान पनि नगरेको भए हुन्थ्यो होला । तर, भागबण्डामा सहभागी हुनका लागि मुख्यमन्त्रीमा अलोपालोलगायतका विषयमा टुंगो नलागे पनि विश्वासको मत दिएको छ । यो संरचनामा हामी सहमत छैनौं पनि भन्ने अनि बिश्वासको मत पनि दिनुको कुनै अर्थ छैन । यहाँनिर राजनीतिक ईमान्दारिता देखाएको जस्तो लागेपनि मतदातालाई भने धोका दिएकै हो । १५ चैतमा सरकारमा सहभागी चार दलले गरेको सहमतिमा पनि सरकारको नेतृत्व आलोपालोमा गर्ने उल्लेख छ । आलोपालो सहमति भएपनि कसले कसरी नेतृत्व गर्ने भन्नेमा टुंगो लागेको अवस्था छैन ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २१ गते बुधबार ३ अप्रिल २०२४ । नवमी, चैत कृष्णपक्ष । चिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:५४, सूर्यास्त ६:२२ ।

आजको राशिफल

मेष	: मान-सम्मान बढ्नेछ	**तुला**	: हाँसखेलमा दिन जानेछ
वृष	: धन लाभ हुनेछ	**वृश्चिक**	: मनमा धेरै कुरा खेल्ने छन्
मिथुन	: व्यापार-व्यवसायमा उन्नति हुनेछ	**धनु**	: रमाइलो यात्राको योग परेको छ
कर्कट	: नबोली बस्दा राम्रो हुनेछ	**मकर**	: मन प्रसन्न रहनेछ
सिंह	: प्रेममा विवाद आउनसक्नेछ	**कुम्भ**	: नचिताएको काम सम्पन्न हुनेछ
कन्या	: बोलिमा नियन्त्रण गर्नुपर्नेछ	**मीन**	: मिहिनेतको फल मिल्नेछ

अविश्वासमै चलेको छ लोकतन्त्र

अच्युतप्रसाद पौडेल 'चिन्तन'

हाम्रो देशको लोकतन्त्रको धरातल धेरै कमजोर छ । जनविश्वास प्राप्त गर्न सकेको छैन । भोटले मात्रै विश्वास हुन्न पनि । गणतन्त्रको आधार पनि अविश्वास हो, संघीयता त देशमा पुष्टि नै भएको छैन ।

आधा मान्छे बाहिर छन्, देशको भूगोल एउटा बारीको पाटो जत्रो छ, हात्ती आफैं ठूलो हुन्छ, यसलाई सामान्य नागरिकले पाल्न सक्दैन, हात्तीभन्दा ठूला हात्ती छापहरु देशमा धेरै भएकाले आम नागरिकले पाल्न सकेका छैनन् । यसैको उपज हो देशैभरिको काण्ड र रडाको । कार्यकारी प्रमुखले वर्षमा तीनचोटि विश्वास लिए पनि अविश्वासभित्रै हाम्रो लोकतन्त्र र संघीयता अनि गणतन्त्र अडेको छ ।

गणतन्त्रका राष्ट्रपति आफ्नो दलका हुँदा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम आयो, बजेट पनि मिल्यो प्रशस्तै । राष्ट्रपतिका प्रमुख सल्लाहकार पनि आफ्नै जातभात मिल्ने परेकाले प्रधानमन्त्री रोजगार कार्यक्रम पनि आयो । अहिले ती दुवै कार्यक्रम हिस्स बूढी हरिया दाँत भएको छ, राष्ट्रप्रमुख नै अर्काको कोटमा परेको अवस्था छ, पर्याप्त बजेटको अभाव, कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिता नदेखिएको भनिएको छ । संगीतमा दुई सिद्धान्त प्रमुखरुपमा लागू हुन्छ । एक हो आरोह, अर्को हो अवरोह । र, राजनीति लाजनीतिमा परिणत भएकाले अवरोह भने अवरोधतिर मिल्न गएको छ ।

नयाँ संविधान लागू भएपछि बजेट र कार्यक्रमहरु आरोहमा लागे बिस्तारै अब अवरोहतिर झर्दै छन् । सबै थरी राजनीतिकै विषयमा परेकाले कृषिसमेत यसैमा गाभिएपछि प्रधानमन्त्री कृषि परियोजनासमेत आयो र कृषिउपज देशमा घट्दै गयो । रोजगार कार्यक्रममा पनि राजनीति मिल्न थालेपछि वैदेशिक रोजगारी बढ्यो, यहाँको घट्यो । शिक्षामा राजनीति भएकोले सबैतिर सुनसानजस्तै छ । उद्यमी, व्यापारीले राजनीतिको छाता ओढेकाले उद्यम, व्यवसाय डामाडोल छ र देशका ठूला व्यापारीले कर नतिरी सयौं सवारीसाधन आयात गरे, जसको प्रयोग गर्नेमा राष्ट्रिय स्तरकी दिज्यू पनि होइसिन्छ भन्ने सामाजिक सञ्जालहरुमा खबर आएका छन् ।

देशमा तारे होटलको संख्या वृद्धि भइर हँदा यहाँ आउने पर्यटकभन्दा बढी देशबाट बाहिर जानेले विदेशमा रकम खर्चिएको अवस्था छ । वसन्त पञ्चमी तिथि रोजेर छिमेकी मोदीले मुस्लिम देश युएईको अबुधावीमा ठूलो हिन्दू मन्दिरको उद्घाटन गरे, अहिले त्यहाँ भक्तहरुको भीड छ, दैनिक नै ७ लाख पर्यटकहरु त्यहाँ जाने गरेको खबर छ । हाम्राले हत्त न पत्त विदेशीको इशारामा विश्वको एकमात्र हिन्दु राष्ट्रलाई धर्मनिरपेक्ष बनाए ।

विश्वको गुरु राष्ट्र, धार्मिक र देवस्थलीको देशमा संसारका मान्छे जीवनभरिमा एकपल्ट धाम भन्दै यहाँ आउने वातावरण तय भएको भए हाम्राहरु विदेशतिर भौंतारिनु नै पर्दैनथ्यो । सुनको थाल लिएर नेपालले संसार भरि भिक्षा माग्दै छ र आउने वैशाखमा तेस्रो लगानी सम्मेलन गर्ने भन्दै संसारसँग हारगुहार मागेको अवस्था छ, अर्थमन्त्रीलाई यो खबर दिन भ्याइ नभ्याइ भएको छ । अघिल्ला यस्ता सम्मेलन भइरहँदा प्रतिबद्धताको धेरै कम मात्र लगानी यहाँ आएको हो र पछिल्लो समयमा लगानीको प्रतिफल फिर्ता लग्नेको भीड बढेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गरिने भनिएको छ अहिले, बजेट घट्दै गएको छ, देशमा बेरोजगारको सूची नै ९ लाख ज्यादा छ, वार्षिक १३ दिन औसतले रोजगारी पाएको अवस्था छ, त्यो पनि २३ हजार जति बेरोजगारहरुले मात्र । राजनीति मिसिएको कुनै पनि कार्यक्रम देशको दिवास्वप्न भएको छ, किनकि राजनीति नै अविश्वासका बीच चलिरहेको छ ।

सरकारी वितरीत धारोमा लेदो आउँछ, हप्तामा एक दिन पानी दिन सकिएको छैन, बिल १२ सय ठ्याम्मै, बिजुली अघोषित लोड सेडिङ छ, सरकारी हो यो, संसारकै धेरै पानी भएको देशमा संसारकै महँगो बिजुली, त्यो पनि निरन्तर आपूर्ति नभएर औजारहरु काम नलाग्ने गरी बिग्रिएका छन् । यति अर्बको बिजुली निकासी गरियो भनियो, एक देशलाई नपुगेर अर्को देशसमेतलाई निर्यात गर्ने भनियो । गत एक साताभित्रै बिजुली आयात गर्ने सम्झौता भारतले नवीकरण नगरेको भए यहाँ हालत खराब हुने थियो, धन्न एक वर्षका लागि गरिनुपर्ने नवीकरण तीन महिनाका लागि गरिदियो ।

सवा सय वर्षमा सरकारी आधा मात्र गरी २८ सय मेगावाट बिजुली उत्पादन गर्ने देशले १० हजार मेगावाट निर्यात गर्छु भन्दै देशैभरिका नदीनाला मित्रहरुलाई बैनाबट्टा गरिसकेको छ । यति उदार छ हाम्रो लोकतन्त्र कि सिमानातिर हेर्न भ्याउँदैन र नेता सुरक्षामा ताँती नै लाग्छन् हाम्रा सुरक्षाकर्मीहरु, अरु मरे भने मुचुल्का उठाइदिने हो, सवारीसाधनबाट पैसा कलेक्सन गर्न पाइलैपिच्छे बिल लिएर बस्ने हो र सकेसम्म पेट्रोलियम पदार्थको व्यापार गर्ने हो । सरकारी वितरित पेट्रोलियम पदार्थमा सधैं घाटा भन्ने गरिएको छ, भान्सामा भ्याट लागेको छ, ग्यास सिलिन्डरको भ्याट व्यवसायीले फिर्ता पाउँछन्, ७० प्रतिशत आम घरेलु प्रयोगकर्ताहरु यसमा जिल्लाराम हुन्छन् । पहिले कार्ड बनाउँदा पैसा तानियो, अब फेरि व्यवसायी र घरेलु सिलिन्डर रंग फरक गर्ने भनिदै छ, अब आम उपभोक्ताले फेरि दु:ख पाउने निश्चित छ ।

सरकारी सेवा यति कठिन र महँगो छ भनेपछि फाइदाका लागि गरिने व्यवसायीहरुबाट नेपालीले आश र त्राण पाउन सक्छन् भन्ने कुरामा विश्वास छैन र उद्यमी, व्यवसायीहरुले पनि असहजरुपमा कर तिर्नुपरेको छ । मूल बजारमै सटरहरु खाली भएको धेरै भयो । मतदाताले उम्मेदवारप्रति विश्वास गर्न छाडेका छन्, एउटा विश्वास दिएर पठाएको भोलि ती अर्कैको भइसक्छन्, सपनाबाहेक तिनले अरु बाँडेका छैनन् । विद्यार्थीप्रति गुरुको विश्वास छैन र शिक्षकको विद्यार्थीप्रति । पति-पत्नीबीच भएको लफडाले यी पंक्ति तयार गरिरहेको हप्ता त एक धार्मिक गुरुका नाममा खेलिएको होलीजस्तै भएको छ । पारिवारिक कुरालाई ल्याएर जीवन, जगत्, अहिंसा, ईश्वर र धर्मसँग जोड्दै समाजमा फाटो ल्याउन खोजिएको छ ।

हुँदा-हुँदा अब सीधासादा नागरिक बस्ने कर्णालीमा राजनीति घुस्ता कर्णाली करप्सन बढेको छ । देशको शुद्ध चित्र कर्णालीमा देखिन्छ भन्ने मान्यता थियो पहिले, अब त नदीलाई पनि मुद्दा हाल्ने हो, त्यो पो भन्नुपरेको अवस्था छ । यसै आवका पछिल्ला दिनहरुमा मात्रै विशेष अदालतमा मुद्दा जानेमध्ये करप्सन केसमा महिला नै १८, पुरुष ८७, यसमा जनप्रतिनिधि १९ जना, त्यसमा पनि पालिका प्रमुख नै तीनजना, उपप्रमुख एकजना, उपभोक्ता समितिका पदाधिकारी २६ जना, अन्य कर्मचारी ५४ जना गरी २ सय २३ जनाको नाम आएको छ ।

कर्णालीमा पनि ठूला करप्सनका केसहरु दर्ता हुन थालेका छन् । सडक स्तरोन्नतिमा अनियमितता, पार्क निर्माणमा, बाटोघाटो निर्माणमा, खानेपानी मर्मत आयोजनामा, औद्योगिक क्षेत्र, शीत भण्डार निर्माणमा, हाइटेक नर्सरी निर्माणमा, मृत्यु भइसकेका नाममा सामाजिक सुरक्षा भत्ता वितरणमा, मानौं सबै क्षेत्रमा । हाय दैव कर्णालीका योगी नरहरि नाथलाई कसरी बिर्सेछन् मानिसले, जसले खुट्टामा जुत्ता लगाएनन्, कसैको सम्मानको भोको भएनन्, उच्च-उच्च सम्मान दिंदा पनि उनले फिर्ता गरे, लिएनन् । अब त साहित्यिक सम्मानमा पनि मोटो खाम नपाए सम्मान नै नलिने परम्परा बस्न थालेको छ, पंक्तिकारले देखेको छ, काठमाडौंका यस्ता धेरै ठाउँको अवलोकन गरिरहँदा । अब त देशलाई दुख्न थालेको छ, देशको रंगीन राजनीति हेरिरहँदा ।

स्वयं गृहमन्त्री प्रहरी नियन्त्रणमा, गृहसचिव त्यस्तै, उपप्रधानमन्त्रीहरु शरणार्थी काण्डमा, ठूला-ठूला राजनीतिक हस्तीहरु कतै सरकारी जग्गामा, कतै सुनमा, कतै औषधि कोरोना काण्डमा, ठेक्कापट्टामा, शक्तिको सदुपयोग गर्नुपर्ने पूर्वीय चिन्तनलाई खोलामा बगाउँदा देशले यो अभिशाप बोक्नुपरेको छ ।

देश ऋण र व्यापार घाटामा चुर्लम्म डुबिरहने, युवापुस्ता सबैजसोले देश छोड्ने, महँगीको भीमकाय संघीयता देशवासीले पालिर हनुपर्ने, गुट-उपगुटका महामहिम उपल्लो तहमा रहने, अनि कसलाई आममाफी दिनुपर्ने, त्यसैका लागि सर्वोच्च संस्था रहने, देशमा भयंकर ठूलो समस्या छ ।

देशभक्तिभन्दा दलभक्ति बढेको छ, दलभित्र पनि गुट-उपगुटलाई खुशी गराउनुपर्ने बाध्यता छ । अमुक एकजना पात्रले भेटमा भन्दै थिए, पाँच क नबुझाएकोले चुनावको टिकट नपाइएको हो वडा अध्यक्षको । क माने कलम पढेको बाह्रखरीमा उनले भनेको कको खासै अर्थ बुझिएन, बुझ्न प्रयास पनि गरिएन ।

किनकि जति बुझ्यो उति कठिन हुँदै आएको छ हाम्रो समाजमा । सेक्सपियरले धेरै पहिले भनेका थिए, राजनीतिले त ईश्वरलाई पनि झुक्याउँछ भनेर, कसको विश्वास कसलाई गर्ने, मानवनिर्मित कानुनलाई आँखा छल्न थालेपछि । देवनिर्मित कानुन थियो पहिले, आत्मा साक्षी राखेर मन-वचनले कर्म गर भनिन्थ्यो, उपकार गरे धर्म हुन्छ भनिन्थ्यो, अब धर्म बिक्रीमा गइसकेको छ, व्यापारीकरण भइसकेको छ, सबै पद-प्रतिष्ठा परिवारमय भएको छ, अपरिवार वा अरु भए समाजले नचिन्ने भएको छ, राजनीतिले नचिन्ने भएको छ ।

एक निरीह नागरिक भएर बाँच्न पनि कठिन भइसकेको अवस्था छ । महयज्ञहरुमा गएर माला लाउन भ्याउने देशका नेताहरुलाई स्वधर्ममा रहनुपर्छ भन्ने चेत कहिले आउने त अब ?

(साभार: नेपाल समाचार-पत्र)

अतिवाद कि प्रगतिशील सहमति ?

केशव खतिवडा

अरुको विचार, सिद्धान्त तथा व्यवहार देखिनसहने तथा जबर्जस्त निषेध गर्ने प्रवृत्ति नै अतिवाद हो । जसले फरक विचार तथा सम्मानजनक असहमतिलाई निमिट्यान्न पार्न चाहन्छ जो पीडित मानसिकता र रातो आँखा रोग (फरक विचार राख्नेलाई देख्नासाथ रिस उठ्नु)बाट ग्रसित हुन्छ ।

खेलमा 'जिरो सम गेम थ्यौरी' अनिवार्य हुन्छ तर राजनीतिमा अतिवाद घातक हुन्छ । नेपालमा अतिवादी प्रवृत्ति राज्यको एकीकरणको समयमा परस्पर राज्यहरूका बिचमा थियो । पछि यो दरबार र भारदारहरूका बिचमा रह्यो श्री ५ र श्री ३ का बिचमा हुँदै राणाशासनको अन्त्यपछि दरबार र दलहरूका बिचमा प्रकट भयो पञ्चायतको स्थापनापश्चात् राजा, पञ्च र बहुदलवादी दलहरूका बिचमा मुखरित हुन थाल्यो प्रजातन्त्रको स्थापनापश्चात् भने मूल रूपमा अतिवादी प्रवृत्ति दलहरूका बिचमा रहिआएको छ ।

नेपालका दुई प्रमुख दलहरूमध्ये नेपाली कांग्रेसमा बीपी कोइराला र मातृकाप्रसाद कोइरालाबिच भएको शक्ति सैर्ष तथा एक-अर्कालाई निषेध गर्ने प्रवृत्तिह महामन्त्रीहरू डा. तुलसी गिरि, विश्वबन्धु थापा र परशुनारायण चौधरीको पञ्चायत प्रवेशह बखान सिंह गुरुङको छतिसे समूहले गरेको विद्रोह गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराईबिचको अन्तर्सैर्षह गणेशमान सिंहको पार्टी परित्याग शेरबहादुर देउवाले गरेको पार्टी विभाजन र हाल चलिरहेको देउवा र कोइराला समूहबिचको टकराब पनि अतिवादी प्रवृत्तिका उदाहरण हुन् ।

कम्युनिस्ट पार्टीको कुरा गर्दा– संस्थापक महासचिव पुष्पलाल कहिल्यै सिङ्गो कम्युनिस्ट पार्टीको निर्वाचित महासचिव बन्न नसक्नु पञ्चायतले 'फुटाउ र शासन गर' भन्ने रणनीति अपनाएको हुँदा अब प्रजातन्त्र पुनर्बहालीका लागि कांग्रेस र कम्युनिस्ट मिलेर संयुक्त जनआन्दोलन गर्नुको विकल्प छैन भन्ने धारणा राख्दा उनी सहकर्मीद्वारा गद्दार र कांग्रेसको पुच्छर भनी लाञ्छित हुनु दर्जनभन्दा बढी समूहमा कम्युनिस्ट पार्टी विभाजित हुनु कम्युनिस्ट नेताले आफू मात्र सही भएको दावा गर्नु र अरुलाई पलायनवादी, संशोधनवादी, जडसूत्रवादी, उग्र भड्कावबादी तथा सारसङ्गहवादी भएको घोषणा गर्नु पार्टीभित्र गुट-उपगुट निर्माण गर्नु सम्मानजनक फरक विचार राखेबापत डा. बाबुराम भट्टराईलाई माओवादीले सशस्त्र जनयुद्धको समयमा श्रम शिविरमा बन्दी बनाउनु सहयात्री तथा समकक्षीको नाम लिंदा समेत मुख कुल्ला गर्नुपर्ने अभिव्यक्ति दिनु आफ्नो निहित स्वार्थ पूरा हुने भए सबै लाज पचाएर तिनैको घरदैलो चहार्नु लामो समयदेखि आफू लड्दै आएको निर्वाचन क्षेत्रमा आफू नलडी अन्यत्र हार्ने नेतालाई चुनाव लडाएर जिताए पनि गुन नदेख्नु पनि कम्युनिस्टहरूको अतिवादी चिन्तनको पराकाष्ठा हो ।

मधेसवादी दलहरूको विभाजन, नयाँ भनिएकाहरूको सत्तालिप्सा र वर्तमानको संसद्को गतिरोध पनि प्रियतावाद र अतिवादरूपी सरुवा रोगको परिणाम हो । किनकि दलहरूका बिचमा सहमति र विमतिको कुनै मानक छैन तर सत्ता भागबन्डा, सर्वदलीय भ्रष्टाचार र भ्रष्टाचारका आरोपीलाई उन्मुक्ति दिन भने निमेषभरमा सहमति हुने गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको स्थापनापश्चात् मुलुक दिशाहीन बन्दै गएको छ । किनकि आधुनिक विश्व प्रणाली अनुरूपको विकासको कुनै परिभाषित र निर्दिष्ट मोडल तयार गरी लागु गरिएको छैन । राजा महेन्द्रले 'साम्यवाद मोटर चढेर आउँदैन' भनेजस्तै संविधानको प्रस्तावनामा लेखेर समाजवाद आउँदैन ।

विकासको कुनै मार्गचित्र छैन । अतिवाद र तदर्थवादी चिन्तनले विकास सम्भव छैन । जसका लागि स्पष्ट मार्गचित्रसहितको खाका हुनुपर्छ । विश्वको अनुभवले यही पुष्टि गरेको छ । विगतलाई हेर्ने हो भने हाम्रै देशमा विकासका केही मोडल प्रयोगमा ल्याइएका थिए । जस्तै : सर्वप्रथम २००९ सालमा अमेरिकी सहयोगमा 'त्रिभुवन ग्राम विकास कार्यक्रम' सञ्चालन भएको थियो । २०१७ सालमा पञ्चायती व्यवस्थाको सुरुवातसँगै 'पञ्चायत विकास कार्यक्रम'अन्तर्गत 'गाउँफर्क राष्ट्रिय अभियान', 'भूमिसुधार कार्यक्रम', 'राष्ट्रिय विकास सेवा कार्यक्रम', 'दुर्गम क्षेत्र विकास कार्यक्रम' तथा 'एकीकृत ग्रामीण विकास कार्यक्रम' सञ्चालन भएका थिए । २०५१ सालमा बनेको एमालेको अल्पमतको सरकारले सञ्चालन गरेको 'आफ्नो गाउँ आफैं बनाउँ' कार्यक्रम र त्यसपछि बनेको नेपाली कांग्रेसको सरकारले सञ्चालन गरेको ग्रामीण स्वावलम्बन कार्यक्रम पनि त्यस बेलाका ग्रामीण विकासका सामान्य मोडलहरू थिए ।

संसारका अधिकांश मुलुकले वर्तमान वैश्विक प्रणालीले सिर्जना गरेका चुनौतीलाई सामना गर्नका लागि विभिन्न विकासका मोडल तयार गरी लागु गरेका छन् । दशवटा सर्तसहितको विकासको नवउदारवादी ढाँचा भनिने 'वासिङ्गटन सहमति' ग्लोबल साउथका मुलुकले आ-आफ्ना मुलुकको विशिष्टता अनुरूप लागु गरेका छन् । चीनले 'सी विचारधारा'सहित विकासको समाजवादी मोडल भनिने 'बेइजिङ सहमति' लागु गरेको छ जसलाई चीनले 'चिनियाँ विशेषतामा आधारित समाजवाद' भन्दै आएको छ । सन् २००८ को मन्दीपश्चात् 'वासिङ्गटन सहमति' र 'बेइजिङ सहमति'का सफल सर्तलाई मिसाएर तयार गरिएको २४ वटा सर्तसहितको 'सेन्टियागो सहमति' विकासको मिश्रित र सन्तुलित मोडल अधिकांश मुलुकले लागु गरेका छन् ।

अमेरिकी नेतृत्वमा सञ्चालन भएको 'इन्डो प्यासिफिक स्ट्राटेजी' अन्तर्गतको 'एमसीसी कार्यक्रम' र चीनको नेतृत्वमा सञ्चालन भएको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' कार्यक्रम विकासको कुनै मोडल नभए पनि यिनीहरूका सर्तले उक्त कार्यक्रममा सहभागी हुने मुलुकले अपनाउने विकासको मोडललाई अप्रत्यक्ष रूपमा प्रभाव पारेको छ । विश्वको यो परिवेशमा नेपाल कहाँ छ, के गर्दै छ भन्ने नेपालका दल र तिनका नेताहरू बेखबरजस्तै छन् । मात्र सत्ताको बाघचाल खेल्न तल्लिन छन्, रोम जलिरहँदा निरोले बाँसुरी बजाएझैं ।

योजनाको खाका कोर्ने जिम्मेवारी पाएको राष्ट्रिय योजना आयोग पनि सत्ताधारी दलको बुख्याँचा बन्दै गएको छ । योजना चयनको विधि पनि त्रृटिपूर्ण छ । किनभने आयोगले प्रस्ताव गर्ने पञ्चवर्षीय योजनाले सार्वभौम संसद्मा प्रवेश नै पाउँदैन, यसको मातहतमा बन्ने वार्षिक बजेट भने संसद्मा बडो रस्साकस्सीका साथ छलफल गरिन्छ र अन्तमा जस्ताको तस्तै पारित गरिन्छ ।

प्रगतिशील सहमतिसहित विकासको मोडल

संसारका अधिकांश मुलुकले आफ्नो मुलुकको विशिष्टता अनुरूप विकासको मोडल तयार गरी लागु गरेका छन् । त्यसलाई उनीहरूले समयानुकूल परिमार्जन गर्छन् विकासको मोडलको सार्थकता र सफलता परिणाममा मापन गर्छन् पुन: परिमार्जन गर्छन् । नेपालमा भने कुनै पनि विकासको मोडल मार्गचित्रसहित तयार गरी लागु गरिएको छैन । तदर्थवादी चिन्तन र परिपाटीले मुलुक सञ्चालन हुँदै आएको छ । त्यसकारण मुलुक डोरी चुँडिएर हावामा कावा खाँदै गरेको चङ्गा समान भएको छ ।

विश्व परिवेशलाई नियाल्दा नेपालले यसबमोजिम २० वटा सर्तसहितको 'प्रगतिशील सहमति' नामक विकासको मोडल अपनाउन उपयुक्त हुन सक्छ । यहाँ पङ्क्तिकारले निम्न २० बुँदाहरु प्रस्तुत गरेको छ, जुन पंक्तिकारको स्वअध्ययनका आधारित छ ।

१) संघीयतासहितको इलेक्ट्रोनिक प्रत्यक्ष लोकतन्त्र (इ.डेमोक्रेसी) ।
२) छरितो सरकार ।
३) प्रगतिशील कर प्रणाली ।
४) सामाजिक सुरक्षाको प्रत्याभूति ।
५) सार्वजनिक खर्चमा पुनरवलोकन ।
६) वित्तीय अनुशासन ।
७) स्वतन्त्र र शक्तिशाली अम्बुड्सम्यान अर्थात् गुनासो हेर्ने अधिकारप्राप्त व्यक्ति ।
८) स्वचालित विनिमय दर ।
९) ब्याजदरमा उदारीकरण ।
१०) विदेशी लगानीमैत्री वातावरण ।
११) राज्य र बजारका बिचमा सन्तुलन ।
१२) निरन्तर सुधार र अन्वेषण ।
१३) पर्यटन, जलस्रोत, वातावरण र कृषिमा साझेदारी ।
१४) आर्थिक स्वतन्त्रता र निजी सम्पत्तिको सुरक्षा ।
१५) जवाफदेहिता र उच्च नैतिकता ।
१६) सार्वजनिक पारदर्शिता ।
१७) मानव संसाधनको विकास ।
१८) प्रभावकारी जोखिम व्यवस्थापन ।
१९) परराष्ट्र नीतिमा सन्तुलन र सक्षमता ।
२०) तेस्रो वितरण प्रणालीको प्रवर्धन ।

दृष्टिकोणविहीनता, तदर्थवादी चिन्तन र अतिवादबाट मुक्त हुँदै मुलुकको सन्तुलित विकासका लागि 'जिरो सम गेम थ्यौरी'बाट 'पोजिटिभ सम गेम थ्यौरी'मा जानुको विकल्प छैन । अब ढिला नगरौं । अन्यथा मुलुकले ठूलो मूल्य चुकाउनुपर्छ । त्यो मूल्यको साझेदारी हामी सबैले वहन गर्नुपर्छ ।

(साभार: रातोपाटी)

सधैंजसो सरकारी 'सर्भर डाउन', घटेन सेवाग्राहीको दुःख

काठमाडौं/हेटौंडाका हिरालाल लामा आइतबार दिउँसो यातायात व्यवस्था कार्यालयमा सवारी चालक अनुमतिपत्रसम्बद्ध सेवाका लागि तीन घण्टा लाइन बसिसकेका थिए । पालो कुर्दाकुर्दै कर्मचारीले भने, 'सर्भर डाउन भयो, भोलि मात्रै आउनुहोला ।' यातायात व्यवस्था विभागको सर्भरमा यस्तो समस्या आउनु सामान्यजस्तै भइसकेको छ । विभागको लाइसेन्स र सवारी दर्ता गर्ने प्रणालीमा पटक-पटक समस्या आउँदा यातायात कार्यालयमा सेवाग्राही सेवा नै नलिई फर्किन बाध्य हुने गरेका छन् ।

करिब १ लाख लाइसेन्स प्रणालीकै दुरुपयोग गरेर वितरण भएको भेटिएपछि सरकारले गरेको प्राविधिक सुरक्षा परीक्षणमा विभागको लाइसेन्स प्रणाली समस्याग्रस्त रहेको ठहर भइसकेको छ । तर, पनि सुधारको काम सुरु नभएकाले सेवाग्राहीले सास्ती भोगिरहेका छन् ।

यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजाल सूचना प्रविधि विभागले तयार गरेको प्रतिवेदन आए पनि अस्पष्ट खालको भएपछि विभागलाई स्पष्ट हुने किसिमको रिपोर्ट दिन भनिएको बताउँछन् । 'हार्डकपी आयो तर, अक्षर समेत बुझ्न कठिन भएपछि अर्को मागेका छौं,' उनले भने, 'प्रतिवेदनले के-के सुधारको काम गर्नुपर्ने औंल्याएको छ, सुझावअनुसार गर्छौं ।' गत बिहीबार र शुक्रबार संसदको वेबसाइटसहित सर्भरमा पनि समस्या देखियो । वेबसाइट वेब ब्राउजरहरुमा खुल्दा सुरक्षा दिने लाइसेन्सको म्याद सकिएकाले संसदको वेबसाइटमा पहुँचसम्बद्ध समस्या देखिएको थियो । संसदको प्रणाली सफ्टवेयर, मेन्टिनेन्स, सपोर्ट र वेबसाइटको सर्भरसम्बद्ध समस्याले कर्मचारीलाई पटक-पटक अप्ठेरो पर्ने गरेको छ ।

बिहीबार साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमन कार्यालयको सर्भर डाउन हुँदा सयौं यात्रु करिब ४ घण्टा लाइन बस्नु पर्‍यो । यसले गर्दा बिहीबार रातिका उडानहरु नै ढिला भए । यस्तो समस्याले ट्रान्जिटबाट कनेक्टिङ फ्लाइट भएकाहरुलाई बढी पिरोल्ने गरेको छ ।

अध्यागमनको लाइनमा करिब साढे ३ घण्टा बसेपछि प्रतीक्षा कक्षमा पुगेका साजन लामिछानेले संचारकर्मीसँग भने, 'जहाँ जुन सरकारी कार्यालयमा पुग्दा पनि सर्भर डाउन छ भन्न थालिएको छ, यसले सरकारीको सेवा गुणस्तर थप डाउन भएको छ नै, विमानस्थलमा विदेशीहरुको समेत दुःख कष्ट हेर्दा त हामी नेपाली नागरिकको मोर लडाउन पनि हुँदो रहेछ ।'

पटक-पटक सर्भर डाउन हुँदा पनि अध्यागमन विभागले आफ्नो सर्भर चुस्त बनाउन सकेको छैन । त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका प्रमुख नर बहादुर थापा बिहीबार साँझ केहीबेर सर्भरमा समस्या आएकाले सेवा प्रभावित भए पनि सबै समस्या समाधान भइसकेको बताउँछन् ।

बिहीबार नै भन्सार विभागको 'आसिकोडा सफ्टवेयर'को सर्भर त्यसैगरी डाउन भएको थियो । त्यसले भन्सार कार्यालयहरुमा करिब ४ घण्टा जाँचपास सेवा प्रभावित भयो । क्यासलेस र पेपरलेस प्रणाली बनाएको भन्सारमा सर्भर नचलेपछि कुनै काम नै हुँदैन । यस्तो संवेदनशील प्रणाली पटक-पटक अवरुद्ध हुने समस्या लामो समयदेखि कायम छ । भन्सार विभागका अधिकारीहरु प्रणालीका कारण कतिपय दिनमा राजस्व असुली नै प्रभावित हुने गरेको बताउँछन् ।

समस्या यी केही प्रणालीहरुमा मात्रै छैनन्, स्थानीय पञ्जीकरण, मालपोत, नापी, वैदेशिक रोजगार सम्बद्ध ठूला प्रणालीदेखि कार्यालयभित्रका आन्तरिक प्रणालीसम्म समस्याग्रस्त छन् । यसले गर्दा सेवा लिनेहरु लाइनमा बसेर पनि समयमै सेवा नपाउने र काम नभई फर्किनुपर्नेसम्मको समस्या कायम छ ।

वेबसाइट नचलेर स्थानीय तहहरु नै पटक-पटक समस्यामा पर्छन् । सरकारी प्रणालीहरु डाउन हुने समस्याले सिंहदरबारदेखि वडा कार्यालयहरुसम्म प्रभावित छन् । यसले सेवाग्राहीलाई मारमा पारिरहेको छ ।

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको ११ पुस २०८०को पहिलो मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी, सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरण सुगम, सरल, कम खर्चिलो र झन्झटमुक्त बनाउने निर्णय गरेको थियो । यसमा देखिने गरी सुधारका काम तत्काल आरम्भ गर्ने पनि निर्णय गरे पनि १५ महिना बित्दासम्म सरकारी सेवा प्रवाहमा सुधारको आभास जनताले पाएका छैनन् ।

वैदेशिक अध्ययनको अनुमतिपत्र लिन, राष्ट्रिय परिचयपत्र बनाउन जिल्ला प्रशासन कार्यालय, विद्युतीय राहदानी बनाउन राहदानी विभाग र लाइसेन्स बनाउन प्रदेशका यातायात कार्यालयहरुमा लामो लाइन बस्नुपर्छ । तीमध्ये कतिपय कार्यालयको सेवा लिन धेरै दिन लगातार धाउनुपर्छ भने विचौलियाको समेत भर पर्नुपर्ने बाध्यता छ ।

सरकारको बेवास्ता

सरकारी कार्यालयहरुमा चलाइने सफ्टवेयर र प्रणालीहरु डाउन हुने समस्या समाधान गर्न हालसम्म सरकारी स्तरबाट सार्थक पहल भएको पाइएको छैन । सरकारको निर्णय र मन्त्रीहरुको निर्देशनले प्रणाली सुधार हुने अवस्था नै छैन । सरकारको प्रणालीहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने सिंहदरबारस्थित 'राष्ट्रिय सूचना प्रविधि केन्द्र'लाई नै अस्तव्यस्त छाडिएको छ भने प्रविधिको प्रयोग बढाएका कार्यालयले त्यसअनुसारको जनशक्ति र क्षमता विकास गर्न सकेका छैनन् ।

सूचनाप्रविधि विज्ञ मनोहर भट्टराई प्रणालीहरुलाई भरपर्दो र सुरक्षित बनाउन तथा लाइन हटाएर प्रभावकारी अनलाइन प्रणाली प्रयोगमा ल्याउन सबैभन्दा पहिले राजनीतिक-प्रशासनिक प्रतिबद्धता चाहिएको बताउँछन् । 'अनलाइनबाट दिने सेवा प्रभावकारी बनाउन संस्थागत क्षमता वृद्धि र दक्ष जनशक्ति आवश्यक पर्छ,' उनी भन्छन्, 'तर अहिलेसम्म प्रशासनिक र राजनीनिक तहमा यस्ता समस्या समाधान गर्नुपर्छ भन्ने इच्छाशक्ति देखिएको छैन ।'

सूचनाप्रविधि विज्ञ मनोहर भट्टराई

कतिपय सरकारी कार्यालयको अनलाइन सेवा सञ्चालन प्रणाली डिजाइनमै समस्या देखिएको पनि भट्टराई बताउँछन् । 'सबै सरकारी निकायले आ-आफ्नो किसिमले सिस्टम डिजाइन गर्दा समस्या हुन्छ, त्यसो हुन नदिन एउटा राष्ट्रिय अवधारणा चाहिन्छ', तत्कालीन सूचना प्रविधि उच्चस्तरीय आयोगका उपाध्यक्ष समेत रहेका भट्टराई भन्छन्, 'रातिदेखि लाइन बस्नुपर्ने बाध्यता र पटक-पटक सिस्टम र सर्भर डाउन हुने समस्या राष्ट्रिय एकीकृत प्रारुपमा आधारित सिस्टम डिजाइन र त्यसअनरुपको व्यवस्थापन नगर्दाको परिणाम हो ।'

अहिले कतिपय कार्यालयको अनलाइन प्रणालीमा फारम भर्न कोटा तोकिएको हुन्छ । त्यसमाथि बेलाबेला 'सर्भर डाउन' हुने समस्याका कारण पनि सेवाग्राही लाइनमा बस्न बाध्य छन् । अहिले धेरै सेवा दिने कार्यालयले प्रक्रिया झन्झटिलो बनाएर सेवाग्राहीबाट अतिरिक्त लाभ लिनेदेखि विचौलियालाई फाइदा हुने काम गरिरहेको आरोप सेवाग्राहीबाट लाग्ने गरेको छ ।

सूचना प्रविधिविज्ञ भट्टराई प्रणालीमा आउने समस्याको जिम्मा कसैले नलिने हुनाले सेवाग्राही मर्कामा परेको बताउँछन् । 'कतिपय अनलाइन सेवाका प्रणाली सीमित विचौलियाको कम्प्युटरमा मात्रै खुल्छ भनिन्छ', उनी भन्छन्, 'यदि बदमासी गर्नेलाई छुट दिइयो र सम्बद्ध अधिकारी र सेवाप्रदायकलाई जवाफदेही बनाइएन भने अनलाइन प्रणालीले मात्रै पनि समाधान दिँदैन ।'

सरकारले चाहेमा विश्वको जुनसुकै ठाउँबाट केही समयमै उत्कृष्ट प्रविधि पनि भित्र्याउन सक्ने उनी बताउँछन् । 'तर, नेता र प्रशासकमा त्यसो गर्ने इच्छाशक्ति ल्याउन भने हामीले सकेनौं,' भट्टराई भन्छन्, 'संस्थागत व्यवस्था बलियो बनाएर जनशक्ति र प्रविधि संयोजन गर्नैपर्ने र धेरै सुधारका काम गर्नुपर्छ ।'

छैन वैकल्पिक र सुरक्षात्मक व्यवस्था

प्रविधिको प्रयोग बढाउँदा त्यसको 'बिजनेस कन्टिन्यूटी प्लान' सरकारसँग नभएकाले समस्या देखिएको सिंहदरबारस्थित सरकारी सर्भरहरुको व्यवस्थापन गरिरहेको राष्ट्रिय सूचना प्रविधि केन्द्र पनि स्वीकार्छन् । वैकल्पिक रुपमा केन्द्रको डेटा सेन्टरलाई बिजुलीको आपूर्ति दिन नसक्नुले सरकारसँग प्रविधिमा समस्या आउँदाको समयका लागि 'प्लान बी' भएको स्पष्ट हुने त्यहाँका अधिकारीहरु बताउँछन् ।

राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यकारी निर्देशक प्रदीप पौडेल सरकारी सर्भरहरुलाई चुस्त बनाउन विभिन्न ठाउँमा डेटा सेन्टरहरु बनाउन आवश्यक रहेको बताउँछन् । एक स्थानमा समस्या पर्दा अर्को स्थानबाट सेवालाई निरन्तरता दिन सकिने गरी डेटा सेन्टरको पूर्वाधार तयार गर्नु आवश्यक रहेको उनको भनाइ छ ।

'सरकारी सेवाका प्रणालीहरुको संवेदनशीलताका आधारमा दीर्घकालीन योजनाहरु बनाएर काम गर्नुपर्छ, प्राविधिक समस्या पहिचान नभइन्जेल र समस्या समाधान नभइन्जेल वैकल्पिक माध्यमबाट सेवा सुचारु गर्न सकिने गरी पूर्वाधारहरु तयार राख्नुपर्छ,' उनले भने, 'अहिले हामी सीमित पूर्वाधारका भरमा यस्ता प्रणाली चलाइरहेका छौं ।'

प्राविधिक समस्या जुनसुकै बेला आउन सक्ने भएकाले एक ठाउँमा समस्या भइन्जेल अर्को ठाउँबाट चल्ने सुनिश्चित गरे धेरै हदसम्म यस्तो समस्या समाधान हुने उनले बताए । हेटौंडामा रहेको डिजास्टर रिकभरी सेन्टरलाई वैकल्पिक रुपमा प्रयोग गर्न खोजिए पनि अहिलेसम्म प्रोटोकल र प्लानअनुसार सञ्चालन गर्न नसकिएको उनले बताए ।

'प्राविधिक प्रणालीका लागि इलेक्ट्रो मेकानिकल पक्ष पनि बलियो हुनुपर्छ, विद्युत आपूर्ति, वैकल्पिक आपूर्ति व्यवस्था, कुलिङजस्ता विभिन्न पक्ष मिलाउन सकियो भने सिस्टम अवरुद्ध नहुने हुन्छ,' उनले भने, 'पूर्वाधारमा लगानी बढाएपछि नै अवस्था राम्रो बन्छ ।'

सरकारी सफ्टवेयर र सूचना प्रणालीहरुको तथ्यांक राख्ने र त्यसलाई व्यवस्थापन र नियमनको व्यवस्था गर्ने जिम्मा सूचना प्रविधि विभागलाई छ । तर, अहिलेसम्म सरकारी निकायहरुसँग कति सफ्टवेयरहरु प्रयोगमा छन् र त्यसको सञ्चालन, व्यवस्थापन कसरी भइरहेको छ भन्नेबारे विभाग बेखबर छ ।

अहिलेसम्म प्रणाली निर्माण र खरिद गर्नुभन्दा पहिले अनुमति लिनुपर्ने वा प्रयोग भएका प्रणालीको जानकारी विभागमा दिनुपर्ने व्यवस्था नै नभएकाले सरकारी सफ्टवेयर र प्रणालीहरुबारे तथ्यांक आफूहरुसँग नभएको विभागका निर्देशक तथा प्रवक्ता लोकराज शर्मा बताउँछन् ।

सरकारी सफ्टवेयरको निर्माण, सुरक्षण, नियन्त्रण, सञ्चालन, व्यवस्थापन र मर्मतसम्भारमा यस्ता अनेक कमजोरीहरु रहेको शर्माको भनाइ छ । सूचना प्रविधि विभागका अनुसार जथाभावी ढंगले प्रणाली विकास गर्ने, अरुको लाइसेन्स लिएर चलाउने र भेन्डरमार्फत नै यसको व्यवस्थापकीय काम गर्ने गर्दा सरकारसँग रहेका तथ्यांकहरु नै सुरक्षा जोखिममा छन् । फरक-फरक सरकारी प्रणालीहरुलाई एकापसमा आबद्ध गर्नेतर्फ पनि विचार नगरी प्रणाली विकास गर्ने र चलाउने प्रवृत्ति कायम रहेको विभागका अधिकारीहरु बताउँछन् ।

विभागका प्रवक्ता शर्माका अनुसार विशेषज्ञ कर्मचारी नभएकाले धेरै सरकारी निकायले महत्वपूर्ण तथ्यांक रहने प्रणालीहरुको जिम्मा भेन्डर कम्पनीलाई दिएर छाडेका छन् । प्रणाली खरिद गरेपछि निरन्तर सञ्चालन गर्ने, अद्यावधिक गर्ने र समस्या पर्दा तुरुन्तै समाधान गर्ने पक्षमा भेन्डरमै भर परिरहने प्रवृत्तिले गर्दा सरकारी प्रणालीमा समस्या पर्दा तुरुन्तै समाधान नहुने समस्या पनि छ । प्रणालीको सोर्सकोड प्राप्त गरेर आफ्नै जनशक्तिमार्फत चलाउन र प्रणालीको प्राविधिक सुरक्षा परीक्षण (टेक्निकल सेक्युरिटी अडिट) गर्न सरकारी कार्यालयहरु उदाशीन छन् ।

सरकारी निकायका डिजिटल डेटालाई सुरक्षित राख्न, प्रणालीमा रहेका जोखिम पहिचान गर्न, जोखिमको वर्गीकरण गरी ह्याक हुनबाट रोक्न र सम्भावित सुरक्षा जोखिम तथा खतरालाई न्यूनीकरण गर्न 'सेक्युरिटी अडिट' गर्नुपर्ने मान्यता छ । प्रणाली सञ्चालन गर्ने कार्यालयसँग त्यो अडिट रिपोर्टको सिफारिस कार्यान्वयन गर्नसक्ने र प्रणाली आफ्नो नियन्त्रणमा राख्ने प्रणाली र जनशक्ति विकास गर्न जरुरी रहेको उनको भनाइ छ ।

सूचना प्रविधि विभागले असार २०७४ देखि असार २०८० सम्म १७६ वटा सरकारी निकायका २८३ वटा प्रणालीको मात्रै 'सेक्युरिटी अडिट' गरेको छ । 'यो निकै सानो संख्या हो,' शर्मा भन्छन्, 'तर, पछिल्लो समयमा सरकारी कार्यालयहरुमा यस्तो अडिट गराउनुपर्छ भन्ने चेतना बढ्दै गएको छ, तेस्रो पक्षबाट भए पनि सुरक्षा अडिट गरेर चलाउँदा राम्रो हुन्छ ।'

१३ साउन २०७७ मा सञ्चार मन्त्रालयको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकले सरकारका मन्त्रालय, आयोग, सचिवालय, केन्द्रीयस्तरका कार्यालयहरु र अन्तर्गत निकायहरुले विकास र प्रयोग गर्ने सफ्टवेयरको सेक्युरिटी अडिट सूचना प्रविधि विभागबाट मात्र गर्ने निर्णय गरेको थियो । तर, सरकारी कार्यालयले सेक्युरिटी अडिटमा चासो नदिने भएकाले ठूलो संख्यामा अडिट गर्न नसकिएको विभागका अधिकारीहरु बताउँछन् । यसका कारण पटक-पटक सरकारी सफ्टवयेरमा समस्या आउने मात्रै हैन, प्रणालीको दुरुपयोग हुने क्रम पनि बढेको छ । प्रणाली सञ्चालन र व्यवस्थापन चुस्त नहुँदा सर्भर डाउन हुने समस्या थपिएको छ ।

(स्रोत: अनलाइनखबर)

८ महिनामा रोजगारीका लागि विदेशिए ४ लाख ७१ हजार नेपाली

काठमाडौं/गत फागुन महिनामा ६५ हजार ६५८ जना श्रमिक वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो ८ महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या ४ लाख ७१ हजार २१० पुगेको छ । यो नयाँ श्रम स्वीकृति र पुनः श्रम स्वीकृति लिएर जानेको संख्या हो ।

विभागका अनुसार चालु आर्थिक वर्षको साउनदेखि फागुन सकिंदासम्म नयाँ श्रम स्वीकृति लिएर विदेशिनेको श्रमिकको संख्या २ लाख ८६ हजार ९३२ पुगेको छ । यसबाहेक पुनः श्रम स्वीकृति लिएर जानेको संख्या १ लाख ८४ हजार २८८ जना छ ।

फागुन महिनामा यूएईमा १८ हजार ७०७, साउदीमा १३ हजार २६७, कतारमा ११ हजार ३९०, मलेसियामा ८ हजार ७१४, कुवेतमा ३ हजार २०६, रोमानियामा १ हजार ७८४ जना र जापानमा१ हजार ३६० जना रोजगारीका लागि पुगेका छन् । बहराइनमा ९२८, क्रोयसियामा ९१५, मोरिससमा ८५९, दक्षिण कोरियामा ७७०, साइप्रसमा ५७७ र अमोनमा ५३३ जना श्रमका लागि उडेका छन् ।

महिनाभरिमा ३५ हजार ६६ जना पुरुष र ४ हजार ८४५ जना महिला श्रमिक रोजगारीका लागि श्रम स्वीकृति लिएर विदेशिएका छन् ।

चालु आर्थिक वर्षको माघ महिनासम्म ७ महिनाको अवधिमा नेपालले विप्रेषण (रेमिट्यान्स) आप्रवाह २१.६ प्रतिशतले बढेर ८ खर्ब ३९ अर्ब पुगिसकेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २७.१ प्रतिशतले बढेको थियो ।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह १९.१ प्रतिशतले वृद्धि भई ६ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १६.४ प्रतिशतले बढेको थियो ।

(स्रोत: अनलाइनखबर)

लागूऔषध प्रयोगकर्ताको क्षति न्यूनीकरणबारे अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ सिआन पुनर्स्थापना केन्द्रले महिला लागुऔषध प्रयोगकर्ताको क्षति न्यूनीकरणका लागि सरोकारवालाबीच अन्तरक्रिया गरेको छ ।

सोमबार आयोजित छलफलमा मानवअधिकार आयोग, गैरसरकारी संस्था, हेटौंडा उपमहानगर स्वास्थ्य शाखा, स्वास्थ्य मन्त्रालय, निर्देशनालय, पत्रकार महासंघ तथा पुनर्स्थापना निकायका प्रमुख तथा प्रतिनिधिबीच छलफल भएको हो ।

छलफलले क्षति न्यूनीकरण अन्तरगत हेटौंडामा महिला लागुऔषध प्रयोगकर्तालाई निःशुल्क सुई, सिरिन्ज साटासाट सेवा, निःशुल्क मासिक चिकित्सक सेवा, निःशुल्क लागुऔषध त्याग परामर्श, एचआईभी एड्स न्यूनीकरण गर्न निःशुल्क कन्डम वितरण जस्ता कार्यक्रमलाई प्रभावकारी बनाई न्यूनीकरणमा सबैले भूमिका खेल्नुपर्नेमा जोड दिएका थिए ।

छलफलमा सिआन पुनर्स्थापनाका अध्यक्ष सौजन डीसीले जनवरीदेखि मार्चसम्ममा सिआनको क्षति न्यूनीकरण परियोजनाले गरेका काम र न्यूनीकरणका गतिबिधि प्रस्तुत गरेका थिए । उनले सभ्य समाज निर्माणका लागि सबै सरोकारवालाले हातेमालो गर्नसके लागुऔषध प्रयोगकर्तालाई सहि बाटोमा लैजान र रुपान्तरण गराउन सहज हुने बताए ।

कार्यक्रममा सिआन पुनर्स्थापनाको आगामी उद्देश्य र समन्वयबारे पनि छलफल गरिएको थियो । हालसम्म यो परियोजनाबाट ४६ जना महिला सुई लागुऔषध प्रयोगकर्ताले सेवा लिइरहेको र यो बढ्ने आंकलन समेत गरिएकाले यसको न्यूनीकरणका लागि समयमै सचेत भई न्यूनीकरणका उपायको खोजी हुनुपर्नेमा सरोकारवालासँग अध्यक्ष डीसीले आग्रह गरेका थिए ।

बागमती माविमा सभाहल निर्माण

साझाकुरा संवाददाता

गोर्खा लाहारी प्रा.लि.का आर्थिक सहयोगमा
निर्माण भएको सभा हल हस्तान्तरण कार्यक्रम

हेटौंडा, १९ चैत/हेटौंडा औद्योगिक क्षेत्रमा रहेको गोर्खा लाहारी प्रालिले विद्यालयमा सभाहल निर्माण गरिदिएको छ । मकवानपुरको बागमती गाउँपालिका-२ मा रहेको बागमती माध्यमिक विद्यालयमा करिव १० लाख रुपैयाँ बराबरको सभाहल निर्माण गरेको हो ।

औद्योगिक व्यवसायिक सामाजिक उत्तरदायित्वअन्तरगत विद्यालयमा सभाहल निर्माण गरिएको गोर्खा लाहारीका प्रशासन प्रबन्धक प्रभाकर भण्डारीले जानकारी दिए । गोर्खा लाहारीले यसअघि मकवानपुर विभिन्न स्थानमा सहयोग गर्दै आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गरिरहेको उनले बताए ।

बागमती गाउँपालिका अध्यक्ष सर्केस घलानको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा गोर्खा लाहारीका सिस्टम म्यानेजर विनोद थापा, प्रशासन प्रबन्धक भण्डारी, बागमती माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बच्चु गोले खड्का लगायतको सहभागिता थियो । बागमती माविका शिक्षक हर्कवहादुर राईले सहजीकरण गरेको कार्यक्रममा वडासदस्यहरु, विद्यालय व्यवस्थापन समितिका सदस्य, शिक्षक शिक्षिका, गोर्खा लाहारी प्रालिका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

प्रदीपसँग 'एक्लो'बाट डेब्यू गर्दै कविता

काठमाडौं/प्रदीप शाहीको निर्देशनमा बन्न लागेको फिल्म 'एक्लो'मा मुख्य कलाकारको 'लाइनअप' पूरा भएको छ । अभिनेता प्रदीप खड्का र अभिनेत्री बेनिशा हमालको जोडी बाँधिन लागेको फिल्ममा अभिनेता विजय लामा अघिल्लो साता अनुबन्ध भएका थिए । अब सुनिल थापा, एवन राज उप्रेती र कविता नेपालीको प्रवेश भएको छ । अभिनेत्री दीया पुनको पनि विशेष भूमिकामा रहने जनाइएको छ ।

कविताको यो डेब्यू फिल्म हुनेछ । एक सय हाराहारी म्यूजिक भिडियोमा काम गरिसकेकी उनी डान्स रियालिटी शो 'बुगी बुगी'को पहिलो संस्करणकी विजेता हुन् । यसअघि उनले फिल्म 'सायरा'बाट डेब्यू गर्ने निश्चित भएको थियो । तर, यो फिल्मै बनेन । उनले 'प्रेमगीत ३'का लागि अडिसन पनि दिएकी थिइन् । नृत्यमा पोख्त मानिएकी कविता अब 'एक्लो'बाट अभिनयको परीक्षा दिँदैछिन् ।

निर्देशक शाहीकै लेखन रहेको फिल्ममा विनोद सुवेदी खत्री 'क्षितिज' कार्यकारी निर्मातामा छन् । शाई प्रडक्सन नेपालको निर्माणमा बन्न लागेको फिल्ममा ह्याम्साएर एकाउन्टेनले सहकार्य गरेको छ । यो फिल्ममा 'मिथिकल एलिमेन्ट्स' पनि रहने निर्देशक शाहीले जानकारी गराएका छन् । यसअघि उनले दुई फिचर फिल्म 'अन्तिम संस्कार' र 'गोर्खा : बिनिथ द ब्रेभरी'को निर्देशन गरेका छन् ।

बसन्तको 'ज्वाइँ साब'मा जितु

काठमाडौं/दीपक-दीपा समूहबाट अलग्गिएपछि अभिनेता जितु नेपालले स्वतन्त्र रुपमा बाहिरी फिल्ममा काम गर्दै आइरहेका छन् । गत वर्ष उनी अभिनीत फिल्म 'ह्यारी कि प्यारी' रिलिज भएको थियो भने चाँडै फिल्म 'कार्साङ'मा काम गर्दैछन् । अब उनको पाइपलाइनमा अर्को फिल्म थपिएको छ । निर्देशक बसन्त निरौलाको आगामी फिल्म 'ज्वाइँ साब'मा उनी मुख्य भूमिकामा अनुबन्ध भएका छन् ।

फिल्ममा उनले ज्वाइँको भूमिकामा अभिनय गर्ने जनाइएको छ । अर्थात् फिल्म नै उनीमाथि केन्द्रित हुनेछ । राज कुमार पण्डितको निर्माण रहने फिल्मले सामाजिक विषयवस्तुलाई कमेडी शैलीमा भन्ने निर्देशक निरौलाले बताए । रेड आई फिल्मसले ओएसआर डिजिटल र मौसम फिल्मससँग सहकार्य गरेर निर्माण गर्न लागेको फिल्मलाई आगामी वर्ष (२०८१)को तिहारमा प्रदर्शन गरिँदैछ ।

फिल्मको निर्माताहरुमा मिना देवी खड्का, सौगात पण्डित र पदम तामाङ छन् भने विजय बस्याल कार्यकारी निर्माता हुन् । सविन अधिकारीको कथा, शंकर धितालको पटकथा तथा संवाद लेखन रहेको फिल्मको आगामी बैशाख १५ गतेबाट छायांकन सुरु गर्ने तयारी भइरहेको छ । निर्देशक निरौलाले यसअघि आफूले निर्देशन गरेका फिल्मभन्दा 'ज्वाइँ साब' उत्कृष्ट हुने दाबी गरेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP,
Sharp Ricoh, Epson,
Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad,
Hetauda-4
tonerhouse_htd@yahoo.com

उवासंघ चितवनको टोलीसँग हेटौंडामा छलफल

साझाकुरा संवाददाता

मकवानपुर उद्योग वाणिज्य संघ
स्वागत तथा छलफल कार्यक्रम

हेटौंडा, १९ चैत/ मकवानपुर उद्योग वाणिज्य संघले चितवन उवासंघको भ्रमण टोलीसँग सोमबार हेटौंडामा छलफल गरेको छ । उवासंघ चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको नेतृत्वमा १३ सदस्यीय टोली हेटौंडा आएको हो । मउवासंघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा छलफल भएको हो ।

उवासंघ चितवनका अध्यक्ष श्रेष्ठले उवासंघ चितवन वि.सं. २०१६ सालमा स्थापना भएको, हाल विभिन्न क्षेत्रका ३८४७ जना सदस्य रहेको, उवासंघ मिलेर साझा विषयमा एकतावद्ध भई समस्या समाधानमा क्रियाशील हुनुपर्ने, चितवनमा हरेक दुई वर्षमा एउटा ठूलो मेला गर्ने गरेको र अन्य विभिन्न एक्स्पोहरु पनि गरिरहेको जानकारी दिए । चितवनमा पोल्ट्री, केरा, माछा, मह, पर्यटन जस्ता क्षेत्रमा उल्लेख्य काम भएको, महिला उद्यमीको उत्पादन प्रवर्द्धन र तालिम संचालनको लागि कोसेलीघर स्थापना गरेको, चेम्बर बहुउद्देश्यीय सहकारी संस्था स्थापना गरेको जानकारी दिए

अध्यक्ष श्रेष्ठले भरतपुर महानगरसँग समन्वय गरी एउटा व्यवसायको तीन फिट उचाइ र १० फिट चौडाइसम्मको व्यावसायिक परिचय पाटीलाई विज्ञापन कर नि:शुल्क गरिएको, आन्तरिक राजश्व कार्यालयमा एकजना कर्मचारी खटाइ व्यवसायीको कर विवरण बुझाउन सहजिकरण गरेको, व्यावसायिक राहतकोष र सदस्य राहतकोष संचालनमा रहेको, व्यवसायीलाई टिकाउन घरवेटीको पनि दायित्व हुने जस्ता भनाई राखेका थिए ।

त्यसैगरी मउवासंघका निवर्तमान अध्यक्ष तथा केन्द्रीय सदस्य कृष्ण कटुवालले बागमती प्रदेश सरकारसँग कृषिमा लगानी गर्न पर्याप्त बजेट रहेको, कृषिप्रविधि, उपकरण र कृषिसामग्रीमा प्रदेश सरकारले लगानी गरे कृषिउद्यमीलाई सहज हुने, नेपियर घाँस चीनका प्रतिनिधिले खरिद गरिदिने बताएको, जिल्ला नगर उवासंघको एजेण्डा महासंघमार्फत स्थापित गरिनुपर्ने, विगतमा हेटौंडामा विज्ञापन कर, व्यवसाय कर, निकासी कर, बसपार्क पसल वहाल जस्ता विषयमा पिपिपि मोडलमा सहकार्य भएको भएपनि हाल नरहेको, नवप्रवर्द्धनमा सहकार्य गरेर अघि बढनुपर्नेलगायत भनाइ राखेका थिए ।

छलफलमा नवप्रवर्द्धनलाई महिला उद्यमीसँग पनि जोड्नुपर्ने, कर, भ्याट, बीमा, बैंक कर्जा आदिमा व्यवसायीलाई समस्या भइरहेको जस्ता विषयमा चर्चा गरिएको थियो । मउवासंघका उपाध्यक्ष उज्ज्वल चौलागाई, कोषाध्यक्ष सन्तोष कुमार अर्यालगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा उवासंघ चितवनका तर्फबाट निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठलगायतले मन्तव्य राखेका थिए ।

म यही कार्यकालमा मुख्यमन्त्री हुन्छु जस्तो छ: मन्त्री बज्राचार्य

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ बागमती प्रदेशका सँस्कृति पर्यटन तथा सहकारी मन्त्री एवम् हाम्रो नेपाली पार्टी बागमती प्रदेश संसदीय दलका नेता शैलेन्द्रमान बज्रचार्यले आफू यही कार्यकालभित्रै मुख्यमन्त्री बन्ने सम्भावना देखिएको बताएका छन् ।

सोमवार बसेको प्रदेश सभाको बैठकमा मुख्यमन्त्री शालिकराम जम्मकट्टेलाई बिश्वासको मतको समर्थन गर्दै उनले आफु पनि यही कार्यकालमा मुख्यमन्त्री बन्ने सम्भावना बलियो भएको बताएका हुन् । 'यसअघि सदनमा मैले भनेको थिएँ । म चाहेर यहाँ पुगेको व्यक्ति होइन । आगामी ८४ सालको निर्वाचनपछि मुख्यमन्त्री हुन्छु कि म भनेर बोलेको थिएँ । तर, आज म संस्कृति पर्यटन तथा सहकारी मन्त्री तपाईहरुकै कारणले बनेको हुँ भनेर फेरि भन्छु,' मन्त्री बज्रचार्यले भने ।

'तर ८४ सालको निर्वाचन पछि होइन यस्तै परिपाटीले यही कार्यकालभित्र मुख्यमन्त्री हुने सम्भावना देखियो । मैले दलको नेताको हैसियतले मुख्यमन्त्रीमा दाबी पनि गरेँ । धेरै अडान राखेको भए त्यो पनि सम्भावना हुनेथियो कि ? राजनीति भनेको एउटा दबाब पनि रहेछ भन्ने मैले बुझेँ ।,'

मन्त्री बज्रचर्याले भने, 'मैले चुनावमा सांसद जित्दा बेहोस् अवस्थामा पुगेको थिएँ । यो प्रक्रिया चल्दैगर्दा तीन वटा मैले सिटामोल खाएर आफ्नो शरीर धान्न पर्ने अवस्था पनि भयो,' उनले यसो भनिरहँदा बैठकमा हाँसो गुञ्जियो । उनले यसअघि दलका नेताहरुसँग भएको कुरामा क्षमायाचना समेत गरेका थिए । मन्त्री बज्रचार्यले यसअघि आफूले दुई पटकसम्म मुख्यमन्त्री जम्मकट्टेललाई बिश्वासको मत दिएपनि सरकारबाट अन्याय भएको बताए । पछि मुख्यमन्त्री जम्मकट्टेलले आफूसँग क्षमायाचना गरेपछि सरकारमा सहभागी हुने अवस्था आएको बताए ।

जुडीखेतमा कार दुर्घटना

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ भीमफेदी गाउँपालिका-६, जुडीखेतमा कार दुर्घटना हुँदा ५ जना घाइते भएका छन् । भीमफेदी-कुलेखानी-काठमाडौं सडकखण्ड अन्तर्गत काठमाडौंबाट वीरगञ्जतर्फ जाँदै गरेको बा.१२च ६६५० नम्बरको कार आफैं अनियन्त्रित भएर सडकको वायाँ भित्तामा ठोक्किएर दुर्घटना हुँदा ५ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

घाइने हुनेमा काठमाडौं दक्षिणकाली नगरपालिका-२ बस्ने वर्ष ३२ को निर्मल बोहरा, सोहीस्थान बस्ने वर्ष ३४ को बिनोद भट्टराई, वर्ष ३० को निरज बोहरा, चालक दक्षिणकाली नगरपालिका-८ बस्ने वर्ष ३४ को सुवित सुबेदी र काठमाडौं शंखरापुर नगरपालिका-१ बस्ने वर्ष २९ को श्रीकृष्ण लामिछाने रहेका छन् । घाइनेहरुको काठमाडौं ट्रमा सेन्टरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

दिप प्रज्वलन कार्यक्रम

स्वास्थ्यलाभको कामना गर्दै दीप प्रज्ज्वलन: मकवानपुर उद्योग वाणिज्य संघले कार्यसमिति सदस्य गणेशप्रसाद भेटुवालको शीघ्र स्वास्थलाभको कामना गर्दै हेटौंडा-१० स्थित भुटनदेवी मन्दिरमा दीपप्रज्वलन गरेको छ । भेटुवाल हाल उपचारको सिलसिलामा भारतमा छन् । संघका अध्यक्ष कृष्णकुमार गुप्ता, निवर्तमान अध्यक्ष तथा केन्द्रीय सदस्य कृष्ण कटुवाल, पूर्व अध्यक्ष तथा बागमती प्रदेश सदस्य उत्तम शर्मा ढकाललगायतले भेटुवालको स्वास्थ्यलाभको कामना गरे । दीपप्रज्वलनमा निर्माण व्यवसायी संघ मकवानपुरका पदाधिकारी, संघका पदाधिकारी, सदस्य तथा कर्मचारीको सहभागिता थियो ।

विश्वासको मत दिन नआएपछि मगरलाई मन्त्री, आज सपथ

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ बागमती प्रदेशमा नेकपा एकीकृत समाजवादीकी सांसद रमा आलेमगर मन्त्री नियुक्त भएकी छन् । सोमबार दिउँसो १ बजेसम्म काठमाडौंमै रहेकी उनले विगतको घटनालाई कारण देखाएर विश्वासको मत दिन हेटौंडा आउन अस्वीकार गरेपछि उनलाई मन्त्रीमा नियुक्त गरिएको हो ।

मन्त्री पद दिने प्रतिवद्धता पछि उनी साढे ३ बजेभित्र हेटौंडा आएकी थिइन् । सोमबार मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत लिने प्रयोजनको लागि बोलाइएको प्रदेशसभा बैठक सांसद मगरकै कारण चार घण्टा प्रभावित बनेको थियो । उनी आएपछि मात्रै प्रदेशसभा बैठक साढे ४ बजे सुरु भएको थियो र मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत पाए । जम्कट्टेलले उनलाई सोमबार मन्त्री नियुक्त गरेको मुख्यमन्त्री कार्यालय स्रोतले जानकारी दिएको छ ।

प्रदेशप्रमुख कार्यालयमा मंगलबार बिहान ९ बजेलाई शपथ ग्रहण कार्यक्रम तय गरिएको स्रोतको जनाएको छ । उनको मन्त्रालय भने सात दिनभित्र टुंग्याउने सहमति भएको स्रोतको दाबी छ । रमा एकीकृत समाजवादीबाट प्रत्यक्ष निर्वाचन जित्ने एक्ली महिला सांसद हुन् । चन्द्रागिरी नगरपालिकाकी रमा काठमाडौं-१० 'ख' बाट प्रत्यक्ष निर्वाचित भएकी हुन् । प्रदेशसभाको पहिलो कार्यकालमा पनि सांसद रहेकी उनी एक वर्षअघि चैतमै भएको सरकार विस्तारको क्रममा शपथको निम्तो पाएर पनि खाली हात काठमाडौं फर्कनु परेको थियो ।

मगरले विनाविभागीय मन्त्री नियुक्त गरिए पनि आफू खुशी भने नभएको सुनाइन् । 'म खुशी त छैन । तर, बिहान ९ बजेलाई शपथ लिन बोलाउनु भएको छ', उनले भनिन् । सात दिनभित्र जिम्मेवारी दिने मुख्यमन्त्री जम्कट्टेलले प्रतिबद्धता जनाएकाले शपथ लिन जाने उनले बताइन् । गत चैतमा आफूलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय दिने भनेर काठमाडौंबाट बोलाइएको र अन्तिममा निर्णय परिवर्तन भएको जानकारी गराएको उनले स्वीकार गरिन् ।

सहकारीलाई विश्वासिलो सारथीका रुपमा स्थापित गराउनुपर्छ: प्रदेशप्रमुख

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले सहकारीलाई विश्वासिलो वित्तीय सारथीका रुपमा समाजमा स्थापित गराउनुपर्ने बताएका छन् ।

'सहकारीमा सुशासन: प्रविधि र एकीकरण' भन्ने नारासहित मंगलबार मनाइँदै गरेको ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा शुभकामना दिंदै प्रदेशप्रमुख शर्माले सहकारीमा आइपरेका विकृति-विसंगतिको अन्त्य गर्नुका साथै यसका मूल्यमान्यतामा आधारित भएर सहकारी सञ्चालन गरिनुपर्ने बताए । 'आफ्ना सदस्यको बचत सुरक्षा गर्नु, सहकारीमा आइपरेका विभिन्न विकृतिको अन्त्य गर्नु र यसको मूल्यमान्यता एवम् सिद्धान्त बमोजिम विश्वासिलो वित्तीय सारथीका रुपमा समाजमा स्थापित गराउनु सहकारीको दायित्व हो ।' प्रमुख शर्माको शुभकामना सन्देशमा भनिएको छ ।

पछिल्लो समय सहकारी क्षेत्रमा केही विकृति देखापरेको भन्दै प्रमुख शर्माले यस्ता विकृति र विसंगतिलाई नियन्त्रण गर्दै नीति, विधि एवम् पद्दतिअनुसार सहकारी सञ्चालनका लागि यसमा संलग्न सबै पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिए ।

प्रमुख शर्माले सन्देशमा हाम्रो देशमा वि.सं.२०१३ सालमा बखानपुर ऋण सहकारी समिति स्थापित भएसँगै सहकारी अभियान सुरु भएको उल्लेख गर्दै समुदायमा छरिएर रहेको पुँजी र बैंकको पहुँच बाहिर रहेका विपन्नवर्गलाई समेटी उनीहरुको आर्थिकरुपान्तरणमा सहकारीको योगदान अत्यन्त महत्वपूर्ण रहेको बताए । अहिले सहकारी अभियानले ग्रामीण र सहरी क्षेत्रमा तीब्रता पाएको भन्दै प्रमुख शर्माले विशेषत 'सबैका लागि एक र एकका लागि सबै' भन्ने मूल ध्येयका साथ यो अभियान अगाडि बढिरहेको उल्लेख गरे । सहकारी अभियानले नागरिक सबलीकरणमा योगदान पुर्‍याइरहेको प्रमुख शर्माको भनाई छ ।

तीव्र आर्थिक वृद्धि र दिगो विकास गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकासमार्फत् उपलब्ध साधन एवम् स्रोतको अधिकतम् परिचालन गर्ने कुरा संविधानमै उल्लेख गरी सहकारीलाई अर्थनीतिको एक खम्बा मानिएको भन्दै शर्माले यसको विकास तथा निरन्तरताका लागि तीनै तहका सरकारको आवश्यक सहयोग र समुचित प्रबन्ध आवश्यक रहेको बताए । सहकारी आन्दोलनलाई राष्ट्रउत्थानको आधारस्तम्भ बनाउन सबैलाई यो दिवसले अभिप्रेरित गरोस् भन्ने पनि उनले शुभकामना ब्यक्त गरेका छन् ।

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरू:
☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
☞ हानिकारक धुवाँको असर नहुने ।
☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
☞ तत्काल खान मिल्ने ।
☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३